गोरखापत्र
ज्ञान सागर
www.gorkhapatraonline.com
२०७७ साल असार २४ गते बुधबार
2020 July 8 Wednesday


## ● वस्तुगत प्रश्नोत्तर

१. **नेपाल न्यून आय भएका मुलुकबाट न्यून मध्यम आय भएका मुलुकको सूचीमा कहिले स्तरोन्नति भएको हो ?**

✍ विक्रम संवत् २०७७ असार १८ (सन् २०२० जुलाई २)

- विश्व बैङ्कले सन् २०२० जुलाई २ मा सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपाल न्यून मध्यम आय भएको मुलुकमा फड्को मारेको हो ।
- विश्व बैङ्कले एक हजार ३६ डलरदेखि चार हजार ४५ डलरसम्म प्रतिव्यक्ति आय भएका मुलुकलाई न्यून मध्यम आय भएका मुलुकमा वर्गीकरण गरेको छ ।
- सन् २०१८ मा नेपालको प्रतिव्यक्ति आय ९६० डलर रहेकोमा सन् २०१९ मा एक हजार ९० डलर पुगेपछि न्यून मध्यम आयको मुलुक भएको हो ।
- विश्व बैङ्कले पछिल्लोपटक एक हजार ३६ डलरभन्दा कम प्रतिव्यक्ति आय भएका मुलुकलाई न्यून आय, एक हजार ३६ देखि चार हजार ४५ डलर प्रतिव्यक्ति आय भएका मुलुकलाई न्यून मध्यम आय, चार हजार ४६ देखि १२ हजार ५३५ डलर प्रतिव्यक्ति आय भएका मुलुकलाई उच्च मध्यम आय र सोभन्दा माथि आय भएका मुलुकलाई उच्च आय (यद्यपि प्रतिव्यक्ति आयको यो सीमा विभिन्न समयमा फेरिने) भएका मुलुकका रूपमा वर्गीकरण गरेको छ ।
- दक्षिण एसियाली मुलुकमा माल्दिभ्स उच्च मध्यम आय भएको मुलुकमा परेको ।
- भारत, पाकिस्तान, भुटान र बङ्गलादेश न्यून मध्यम आय भएका मुलुकमा परेका । दक्षिण एसियाली मुलुकमध्ये अफगानिस्तानमात्र न्यून आय भएका मुलुकमा परेको ।

२. **नेपाली शिक्षा परिषद्द्वारा प्रदान गरिने आदिकवि भानुभक्त पुरस्कारबाट सम्मानित (२०७७ मा) स्रष्टा को हुनुहुन्छ ?**

✍ मुकुन्द शर्मा चालिसे

- एक लाख २५ हजार रुपियाँ रहेको यो पुरस्कार २०५२ देखि प्रदान गरिँदै आएको ।
- पुरस्कार प्रत्येक वर्ष प्रदान गरिने ।

३. **विसं २०७७ मा प्रदान गरिने (नेपाली शिक्षा परिषद्द्वारा) गोपाल पाँडे 'असिम' पुरस्कारबाट सम्मानित व्यक्तित्व को हुनुहुन्छ ?**

✍ ज्ञानबहादुर बगाले

- नेपाल बाहिर बसेर पनि नेपाली भाषा, साहित्य र संस्कृतिको उत्थानमा उल्लेखनीय योगदान पुऱ्याउनुहुने म्यान्मारनिवासी बगालेलाई सो पुरस्कारबाट सम्मानित गरिएको नेपाली शिक्षा परिषद्ले जनाएको ।
- ५० हजार रुपियाँ रहेको यो पुरस्कार २०५० सालदेखि प्रदान गरिँदै आएको ।

४. **मानव विकास सूचकाङ्कको प्रतिपादन कसले गरेका हुन् ?**

✍ अर्थशास्त्री महबुब उल हक

५. **आयुर्वेदका प्रवर्तक को हुन् ?**

✍ धनवन्तरी

- नेपालमा कार्तिक कृष्ण त्रयोदशीका दिन धनवन्तरी जयन्ती मनाउने गरिएको ।
- विसं २०५६ देखि धनवन्तरी जयन्तीलाई राष्ट्रिय आरोग्य दिवसका रूपमा पनि मनाउने गरिएको ।

६. **आयुर्वेद कुन वेदको उपवेद हो ?**

✍ अथर्ववेद

- विश्वकै प्राचीन चिकित्साविज्ञान आयुर्वेद इशापूर्व तीन हजारदेखि ५० हजार वर्ष अगाडि भारतवर्षबाट विकास भएको मानिन्छ ।
- आयुर्वेद उपचार विधिमात्र नभएर मानव जीवनका खानपिन, आहारविहारलाई निर्दिष्ट गर्ने विज्ञान हो, जसले मानवको शरीर, मन र आत्मालाई स्वस्थ तथा सन्तुलन राख्न जोड दिन्छ ।

७. **रूसमा हालै सम्पन्न जनमतसङ्ग्रहमा संवैधानिक सुधारको पक्षमा कति प्रतिशत मत प्राप्त भयो ?**

✍ ७७.९२ प्रतिशत (सन् २०२० जुलाई)



- रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई अर्को कार्यकाल राष्ट्रपतिको उम्मेदवार हुनेगरी मार्ग प्रशस्त गर्न संवैधानिक सुधारसम्बन्धी जनमतसङ्ग्रहमा ठूलो बहुमत प्राप्त भएको ।
- रूसी केन्द्रीय निर्वाचन आयोगका अनुसार कुल मतदातामध्ये करिब ६५ प्रतिशतले मतदानमा भाग लिएका ।
- राष्ट्रपति पुटिनको वर्तमान कार्यकाल आगामी सन् २०२४ मा समाप्त हुँदै छ । पछिल्लो जनमतसङ्ग्रहले पुटिनलाई अरू दुई कार्यकालका लागि राष्ट्रपतिको उम्मेदवार हुन मार्ग प्रशस्त गरेको छ ।

८. **हाल रेडियो नेपालबाट कति भाषामा समाचार प्रसारण हुने गर्छ ?**

✍ २१

९. **विसं २०७७ जेठ १५ मा अर्थमन्त्री युवराज खतिवडाद्वारा प्रस्तुत बजेटको राशि कति रहेको छ ?**

✍ रु. १४ खर्ब ७४ अर्ब ६४ करोड

- यो बजेट चालु आवको सुरु बजेटको तुलनामा ५८ अर्ब ३२ करोड रुपियाँले कम रहेको । बजेटमा कोरोना महामारी नियन्त्रण, स्वास्थ्य पूर्वाधार विकास तथा स्वास्थ्य सेवा विस्तार, आर्थिक पुनरुत्थान, रोजगारी सिर्जना तथा कृषिलाई विशेष प्राथमिकता दिइएको । कुल विनियोजित बजेटमा चालुतर्फ नौ खर्ब ४८ अर्ब ९४ करोड (६४.४ प्रतिशत), पुँजीगततर्फ तीन खर्ब ५२ अर्ब ९१ करोड (२३.९ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ एक खर्ब ७२ अर्ब ७९ करोड रुपियाँ (११.७ प्रतिशत) विनियोजन गरिएको । आव २०७७/०७८ मा सरकारले आठ खर्ब ८९ अर्ब ६२ करोड रुपियाँ राजस्व सङ्कलन गर्ने लक्ष्य लिएको । वैदेशिक ऋणबाट दुई खर्ब ९९ अर्ब ५० करोड र वैदेशिक अनुदानबाट ६० अर्ब ५२ करोड रुपियाँ सङ्कलन गर्ने सरकारी लक्ष्य रहेको ।

| | |
|---|---|
| आय | राजस्व : ८ खर्ब ८९ अर्ब ६२ करोड (६१ प्रतिशत) |
| | वैदेशिक ऋण : २ खर्ब ९९ अर्ब ५० करोड (२० प्रतिशत) |
| | आन्तरिक ऋण : २ खर्ब २५ अर्ब (१५ प्रतिशत) |
| | वैदेशिक अनुदान : ६० अर्ब ५२ करोड (४ प्रतिशत) |
| व्यय | चालु खर्च : ९ खर्ब ४८ अर्ब ९४ करोड (६४.४ प्रतिशत) |
| | विकास खर्च : ३ खर्ब ५२ अर्ब ९१ करोड (२३.९ प्रतिशत) |
| | वित्तीय व्यवस्थापन : १ खर्ब ७२ अर्ब ७९ करोड (११.७ प्रतिशत) |
| तहगत | सङ्घ : ११ खर्ब १२ अर्ब १ करोड (७५ प्रतिशत) |
| | प्रदेश : ९९ अर्ब ८७ करोड (७ प्रतिशत) |
| | स्थानीय तह : २ खर्ब ६२ अर्ब ७५ करोड (१८ प्रतिशत) |

- शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र यातायात पूर्वाधारमा गत वर्ष र यो वर्षको बजेट विनियोजन

| | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ |
|---|---|---|
| शिक्षा | १ खर्ब ६३ अर्ब ७५ करोड | १ खर्ब ७२ अर्ब १९ करोड |
| स्वास्थ्य | ७८ अर्ब ४० करोड | १ खर्ब १५ अर्ब ६ करोड |
| कृषि तथा वन | ७९ अर्ब ८२ करोड | ९० अर्ब ६७ करोड |
| रोजगार कार्यक्रम | ५ अर्ब ३९ करोड | ११ अर्ब ६० करोड |
| यातायात पूर्वाधार | ८५ अर्ब ४७ करोड | १ खर्ब ६२ अर्ब ४० करोड |
| प्रदेश | ९९ अर्ब ८४ करोड | ९९ अर्ब ८७ करोड |
| स्थानीय तह | २ खर्ब १३ अर्ब ८२ करोड | २ खर्ब ६२ अर्ब ७५ करोड |

१०. **विश्व बैङ्कद्वारा विसं २०७६ कात्तिक ७ मा सार्वजनिक डुइङ बिजनेस प्रतिवेदन २०२० अनुसार नेपाल कतिऔँ स्थानमा रहेको छ ?**

✍ ९४औँ

- प्रतिवेदनमा नेपाल १९० देशमध्ये ९४औँ स्थानमा रहेको । सन् २०१९ मा नेपाल ११०औँ स्थानमा थियो ।
- विश्व बैङ्कले विभिन्न १० सूचकलाई आधार मानेर स्थिति निर्धारण गरेको ।
- १० सूचकमध्ये ऋण प्राप्तिमा नेपाल ३८औँ, अन्तरदेशीय व्यापारमा ६०औँ, साना लगानीकर्ताको सुरक्षामा ७९औँ र समस्या समाधानमा ८७औँ स्थानमा रहेको ।
- प्रतिवेदनअनुसार निर्माण अनुमतिको प्रक्रियामा नेपालले १०७औँ स्थान प्राप्त गरेको ।
- सम्झौता कार्यान्वयनसम्बन्धी सूचकमा नेपाल १५१औँ स्थानमा रहेको ।
- व्यवसाय सञ्चालनको वातावरणमा नेपाल दक्षिण एसियाली मुलुकमध्ये तेस्रो स्थानमा रहेको । यो सूचीको सबैभन्दा अगाडि भारत (६३ औँ) र दोस्रोमा भुटान (८९औँ) रहेको ।

११. **ओपन गभर्नमेन्ट पार्टनरसिप (ओजीपी) अभियान कहिलेदेखि सुरु भएको हो ?**

✍ सन् २०११ सेप्टेम्बर

- (सन् २०११ सेप्टेम्बरमा अमेरिका, मेक्सिको, ब्राजिल, बेलायत, नर्वे, दक्षिण अफ्रिका, फिलिपिन्स र इन्डोनेसियाले यो अभियान सुरु गरेका ।)

१२. **चीन र दक्षिण एसिया साहित्य सम्मेलन पहिलोपटक कहाँ आयोजना गरियो ?**

✍ चीन (सन् २०१७)

१३. **भारतको मोतिहारीदेखि चितवनको लोथरसम्म खाना पकाउने ग्यास आपूर्तिका लागि पाइपलाइन निर्माण कार्यको थालनी कहिले गरिएको हो ?**

✍ विसं २०७६ कात्तिक ९

१४. **नेपालमा प्रसारण हुने विदेशी टेलिभिजन च्यानलहरूले विज्ञापनरहित (क्लिन फिड) कार्यक्रम प्रसारण गर्नुपर्ने व्यवस्था कहिले भएको हो ?**

✍ विसं २०७६ कात्तिक १३

१५. **पछिल्लो समय पशुपति र स्वयम्भूका बाँदरमा देखापरेको नयाँ ब्याक्टेरिया कुन हो ?**

✍ क्याम्पिलो

१६. **प्रोटोकल १८ केसँग सम्बन्धित छ ?**

✍ मानवअधिकार

१७. **विश्वकै सबैभन्दा अग्लो मूर्ति कहाँ निर्माण गरिएको छ ?**

✍ गुजरात, भारत

- उक्त मूर्तिको उचाइ १८२ मिटर रहेको ।
- भारतीय स्वतन्त्रता सेनानी बल्लभ भाइ पटेलको सो मूर्तिलाई 'द स्टाच्यु अफ युनिटी' भनी चिनिने ।
- मूर्तिको उद्घाटन सन् २०१८ अक्टोबर ३१ मा गरिएको ।

१८. **प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कार २०७६ बाट सम्मानित हुने पहिलो व्यक्तित्व को हुनुहुन्छ ?**

✍ डा. सन्दुक रुइत

१९. **प्रतिनिधिसभाको सभामुखमा अग्नि सापकोटा कहिले निर्विरोध निर्वाचित हुनुभएको हो ?**

✍ विसं २०७६ माघ १२

- नेपालमा हालसम्मका आठजना सभामुख : कृष्णप्रसाद भट्टराई, दमननाथ ढुङ्गाना, रामचन्द्र पौडेल, तारानाथ रानाभाट, सुवास नेम्वाङ, ओनसरी घर्ती, कृष्णबहादुर महरा र अग्नि सापकोटा ।

२०. **सन् २०२० मार्चमा प्रदान गरिएको इन्टरनेसनल कम्युनिकेसन अवार्डबाट सम्मानित व्यक्तित्व को हुनुहुन्छ ?**

✍ लक्ष्मणदत्त पन्त

२१. **बालबालिकाको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था किवानिज इन्टरनेसनलको एसिया प्यासिफिक सम्मेलन हालै कहाँ सम्पन्न भयो ?**

✍ नेपाल (सन् २०२० मार्च)

(एसिया प्यासिफिक क्षेत्रको ४५औँ सम्मेलनमा तीन सय विदेशी पाहुनासहित चार सयजनाको सहभागिता रहेको ।)

२२. **संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्व शान्ति स्थापना कार्यका लागि सुरक्षाकर्मी पठाउने मुलुकमा नेपाल कतिऔँ स्थानमा रहेको छ ?**

✍ चौथो

२३. **एक दिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा सर्वाधिक कम उमेरमा अर्धशतक बनाई विश्व कीर्तिमान कायम गर्न सफल नेपाली खेलाडी को हुन् ?**

✍ कुशल मल्ल

(कुशलले विसं २०७६ माघ २५ मा अमेरिकाविरुद्धको खेलमा सर्वाधिक कम उमेर (१५ वर्ष ३४० दिन) मा सो रेकर्ड कायम गरेका । नेपालकै अर्का युवा खेलाडी रोहित पौडेलको कीर्तिमान कुशलले भङ्ग गरेका ।)

२४. **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रविधिमार्फत यात्रुलाई सेवा दिने 'रोबोट सेवा' को उद्घाटन कहिले गरियो ?**

✍ विसं २०७६ फागुन ८

२५. **सबै जिल्लामा स्वास्थ्य बीमा लागू गर्ने पहिलो प्रदेश कुन हो ?**

✍ सुदूरपश्चिम प्रदेश

२६. **लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान कहिलेदेखि सुरु भएको हो ?**

✍ सन् १९९१

२७. **अन्तरीक्षमा सँगै हिँडी कीर्तिमान कायम गर्ने दुई महिला अन्तरीक्ष यात्री को-को हुन् ?**

✍ नासाका अन्तरीक्ष यात्री क्रिस्टिना कोक र जेसिका मिअर

२८. **सन् २०१९/२० को विस्डन क्रिकेटर अफ द इयरको उपाधि जित्ने क्रिकेटर को हुन् ?**

✍ इङ्ग्ल्यान्डका अलराउन्डर वेन स्टोक्स

- स्टोक्सले भारतका कप्तान विराट कोहलीको वर्चस्व तोड्दै सो उपाधि हात पारेका ।
- कोहलीले पछिल्ला तीन वर्षदेखि लगातार यो उपाधि जित्दै आएका थिए ।
- गत वर्ष इङ्ग्ल्यान्डलाई पहिलोपटक एक दिवसीय विश्वकप उपाधि दिलाउन स्टोक्सले महत्त्वपूर्ण भूमिका खेलेका थिए ।
- स्टोक्सले सन् २०२० जनवरीमा आईसीसीले प्रदान गरेको वर्ष खेलाडीको पुरस्कारसमेत जितेका थिए ।
- विश्व क्रिकेटकै सबैभन्दा पुरानो पत्रिका विस्डनले स्टोक्सलाई सम्मान गर्नु पछाडि विश्वकप र एसेज सिरिजमा उनको प्रदर्शनलाई नै आधार मानेको उल्लेख गरेको ।

२९. **अमेरिकी बिजनेस म्यागेजिन फोर्ब्सद्वारा सन् २०२० अप्रिलमा सार्वजनिक ३० वर्षमुनिका विश्वका ३० युवाको सूचीमा पर्न सफल छ नेपाली युवा को-को हुन् ?**

✍ प्रतिमा शेर्पा, शुभाङ्गी राणा, जसलिना राणा, रोहित तिवारी, निकिता आचार्य र किरण तिमल्सिना ।

३०. **विश्वकै दोस्रो अग्लो बन्जी जम्पको निर्माण कहाँ गरिएको छ ?**

✍ कुश्मा-बलेवा जोड्ने कालीगण्डकी नदीमाथि निर्मित पुलमा



- पर्वतको कुश्मा र बागलुङको बलेवा जोड्ने पुलमा निर्मित 'द क्लिफ कुश्मा बन्जी' नामक सो बन्जीको सफल परीक्षण विसं २०७६ माघ १६ मा गरिएको ।
- नदीदेखि बन्जीको उचाइ २२८ मिटर (७४८ फिट) रहेको ।
- विश्वकै अग्लो बन्जी (७६४ फिट) मकाउमा रहेको ।

३१. **नेपालमा पहिलोपटक घण्टाका आधारमा न्यूनतम पारिश्रमिकको प्रावधान कहिलेदेखि लागू गर्ने निर्णय भएको छ ?**

✍ विसं २०७५ साउन १

**प्रस्तुतकर्ता : टङ्क केसी**

## ● विषयगत प्रश्नोत्तर

# वित्तीय सुशासनका उपाय




१. **नेपालको संविधानमा बालबालिकाको हकका सम्बन्धमा भएको व्यवस्थाको चर्चा गर्दै नागरिकका कर्तव्यहरूको सूची बनाउनुहोस् ।**

✍ नेपालको संविधानमा मौलिक हकका रूपमा धारा ३९ मा बालबालिकाको हकलाई व्यवस्था गरिएको छ, जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने,
- प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने,
- प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने,
- प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने,
- असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने,
- बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न तथा बन्धक राख्न नपाइने, बालबालिकालाई सेना, प्रहरी तथा सशस्त्र समूहमा भर्ना गर्न, प्रयोग गर्न, साँस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम तथा प्रकारले दुर्व्यवहार, उपेक्षा, शारीरिक, मानसिक, यौनजन्य तथा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने, बालबालिकालाई घर, विद्यालय तथा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने, यसविपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने ।
- नागरिकका कर्तव्यहरूको सूची
- नेपालको संविधानको धारा ४८ मा नागरिकका कर्तव्यहरूको व्यवस्था छ, जसको सूची निम्नानुसार बनाउन सकिन्छ :

क. राष्ट्रप्रति निष्ठावान हुने,
ख. नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्ने,
ग. संविधान र कानुनको पालना गर्ने,
घ. राज्यले चाहेका बखत अनिवार्य सेवा गर्ने,
ङ. सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

२. **नेपालमा वित्तीय सुशासन कायम गर्ने उपायहरू के-के हुन् ? लेख्नुहोस् ।**

✍ सार्वजनिक आय र व्ययका सबै कार्यमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने कार्य वित्तीय सुशासन हो । यो सार्वजनिक खर्च तथा आम्दानीको समग्र कार्यमा भ्रष्टाचार नियन्त्रण र सदाचार प्रवर्द्धन गर्ने कार्य हो । सार्वजनिक आय र व्ययका कार्यमा जनसाधारणलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु सरकारको दायित्व हो । नेपालमा यसका लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड, सरकारी खर्च भुक्तानीमा एकल खाता कोष प्रणाली लागू, राजस्व व्यवस्थापन सूचना प्रणालीको विकास, सरकारी निकायका कार्यक्रम तथा खर्चहरूलाई सार्वजनिकीकरण गर्ने पद्धति विकास गरिएको छ र पनि नेपालमा वित्तीय सुशासनको अवस्था प्रभावकारी भएको पाइँदैन । यसका लागि सार्वजनिक साधन स्रोतको दक्ष परिचालन, अभिलेखन, प्रतिवेदन तथा लेखापरीक्षणलगायतका समग्र वित्तीय व्यवस्थापनमा सुधार गरी वित्तीय सुशासन कायम गर्न सकिन्छ । वित्तीय सुशासन कायम गर्न निम्नउपायहरू अपनाउनुपर्ने देखिन्छ :

- सरकारको वास्तविक राजस्व परिचालन क्षमता विश्लेषण गरी राजस्व असुलीको वैज्ञानिक लक्ष्य यकिन गर्ने,
- वार्षिक बजेट अनुमानलाई कार्यक्रममा आधारित भएर यथार्थपरक बनाउने,
- वार्षिक कार्यक्रम समयमै स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्ने,
- ठेक्काको कार्यसमयमा सुरु गरी समयमा सम्पन्न गर्ने, समयमा कार्य गर्न नसकिएमा तालुक निकायले सोमा देखिएका बाधा अवरोध र लापरबाही पहिचान गरी कडा कारबाही गर्ने,
- चालु खर्चको मापदण्ड तयार गरी मितव्ययिता कायम गर्ने,
- पुँजीगत खर्चलाई वृत्ति विकाससँग आबद्ध गर्ने,
- कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने, कार्यालय प्रमुखलाई थप जिम्मेवार बनाउने,
- आन्तरिक लेखापरीक्षणलाई आर्थिक अनियमितता रोक्ने औजारका रूपमा विकास गर्ने,
- अन्तिम लेखापरीक्षण समयमै गरेर देखिएका बेरुजु कार्यस्थलमै फछ्र्यौट गर्नुपर्ने व्यवस्था गर्ने,
- सार्वजनिक खरिद कार्यलाई सार्वजनिक खरिद ऐन, नियमको मर्मअनुरूप मितव्ययी र प्रतिस्पर्धी बनाउने, जिल्लास्तरमा यसको अनुगमन कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्ने,
- आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा कानुनी रोक लगाउने,
- सरकारी लेखाप्रणालीलाई नगदमा आधारित प्रणालीबाट क्रमशः प्रोदभावी (कारोबार भएकै बेलामा लेखा राख्ने) प्रणालीमा रूपान्तरण गर्दै अन्तर्राष्ट्रिय स्तरका रूपमा विकास गर्ने,
- वित्तीय पारदर्शिता तथा जवाफदेहिता सम्बन्धमा तालुक निकाय पनि थप जिम्मेवार र जवाफदेही हुने,
- मातहत कार्यालयको मासिक प्रगति विवरणलाई वास्तविक छलफल गरी समीक्षा गर्ने, लक्ष्य र प्रगतिबीचको अन्तरमा सम्बन्धित निकायलाई जिम्मेवार बनाउने,
- अनुगमन र मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने, सूचकका आधारमा निरन्तर गर्ने, यसको प्रगतिलाई पुरस्कार र दण्ड सजायसँग आबद्ध गर्ने ।

३. **व्यक्तिगत पत्र र सरकारी पत्रका भिन्नताबारे चर्चा गर्नुहोस् ।**

✍ व्यक्तिगत पत्र र सरकारी पत्रका भिन्नतालाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

- व्यक्तिगत पत्र

१. व्यक्तिगत पत्रमा व्यक्तिगत सूचना आदान-प्रदान हुन्छन् । यो पत्र व्यक्तिको भएकाले यसमा सम्बन्धित व्यक्तिको नाम, थर, ठेगाना, सम्पर्क नम्बर उल्लेख हुन्छ ।
२. व्यक्तिगत पत्रमा पारिवारिक नातागोता तथा भाइसाथीको सम्बन्ध हुन्छ र पत्रमा पनि त्यहीअनुसारको मर्यादा हुन्छ ।
३. व्यक्तिगत पत्रमा चलानी नम्बर, पत्र सङ्ख्या, बोधार्थ, कार्यार्थजस्ता पक्ष हुँदैनन् ।
४. व्यक्तिगत पत्रमा सरकारी पत्रमा जस्तो भाषागत शुद्धता, एकरूपता, विनम्रता वा आदेश, पदीय मर्यादा सामान्यतया आवश्यक नपर्न सक्दछ । यो पत्रमा औपचारिकता कम हुन्छ ।
५. व्यक्तिगत पत्र जुनसुकै प्रकारको कागजमा पनि लेख्न सकिन्छ । यस्तो पत्रमा हस्ताक्षर र छाप अनिवार्य हुँदैन ।

- सरकारी पत्र

१. सरकारी पत्रमा सार्वजनिक सूचना आदान-प्रदान हुन्छन् । यो पत्र सरकारी निकायबाट लेखिएकाले यसमा सम्बन्धित कार्यालय वा व्यक्तिको नाम, थर, ठेगाना, सम्पर्क नम्बर उल्लेख हुन्छ ।
२. सरकारी पत्रमा औपचारिक मर्यादाको सम्बन्ध हुन्छ र पत्रमा पनि त्यहीअनुसारको मर्यादा प्रस्तुत हुन्छ ।
३. सरकारी पत्रमा चलानी नम्बर, पत्र सङ्ख्या, बोधार्थ, कार्यार्थजस्ता पक्ष अनिवार्य हुन्छन् ।
४. सरकारी पत्रमा भाषागत शुद्धता, एकरूपता, विनम्रता वा आदेश, पदीय मर्यादा आवश्यक पर्दछ । यो पत्रमा औपचारिकता बढी हुन्छ ।
५. सरकारी पत्र जुनसुकै प्रकारको कागजमा लेख्न सकिँदैन । यो कार्यालयको तोकिएको लेटरप्याडमा लेखिन्छ । यस्तो पत्रमा हस्ताक्षर र छाप अनिवार्य हुन्छ ।

४. **नेपालको सहकारी क्षेत्रमा देखिएका समस्या समाधान गर्ने उपायहरू लेख्नुहोस् ।**

✍ आयआर्जनका लागि सर्वसाधारणको स्वेच्छिक समूह सहकारी हो । सहकार्य, पारस्परिक सहयोग र विश्वास सहकारीको मूल मर्म हो । नेपालमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता एवम् स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने संवैधानिक व्यवस्था छ । अर्थतन्त्रका तीन खम्बामध्ये सहकारीलाई एक खम्बा स्वीकार गरी यसलाई व्यवस्थित गर्न कानुनी र संस्थागत व्यवस्था छ । सहकारी ऐन, नियम, नीति, मन्त्रालय, राष्ट्रिय सहकारी विकास बोर्ड, सहकारी विभाग र अन्तर्गतका कार्यालयको व्यवस्था छ र पनि नेपालको सहकारी क्षेत्र अझै समस्यामुक्त हुन सकेको छैन । यसका लागि निम्न उपायहरू अवलम्बन गरी सहकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी एवम् उत्तरदायी बनाई राष्ट्रिय अर्थतन्त्रको बलियो खम्बाका रूपमा विकास गर्नुपर्दछ :

- सहकारी ऐन नियमलाई समसामयिक परिमार्जन गर्ने,
- सहकारी बचत तथा ऋण ऐन तर्जुमा गरी लागू गर्ने,
- छुट्टै सहकारी बैङ्क ऐन तर्जुमा गरी लागू गर्ने,
- कर कानुन र करनीतिलाई सहकारीमैत्री बनाउने,
- राष्ट्रिय सहकारी विकास बोर्डलाई सहकारी 'थिङ्कट्याङ्क'का रूपमा विकास गर्ने,
- सहकारी विभाग र अन्तर्गतका कार्यालयको संस्थागत सुदृढीकरण गर्ने, सबै जिल्लामा सहकारी कार्यालय स्थापना गर्ने,
- सरकार-सहकारी साझेदारी कार्यक्रम सञ्चालन गर्ने,
- सहकारीको कार्यक्षेत्र विस्तार गर्ने,
- सहकारीमार्फत लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने,
- शैक्षिक संस्थाबाट औपचारिक सहकारी शिक्षाको व्यवस्था गर्ने, जनचेतनालाई अझै व्यापक बनाउने,
- सहकारी क्षेत्रमा वैदेशिक सहयोग उपयोग गर्न मिल्ने व्यवस्था गरी यसलाई थप व्यवस्थित गर्ने,
- सहकारीको अनुगमन र नियमन गर्ने कार्यलाई थप प्रभावकारी बनाई सहकारीमा सुशासन कायम गर्ने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL